म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २९८ २०८१ असोज ५ गते शनिबार 21 September 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

**सभ्य रूपमा चाडपर्व मनाऔं**

- चाडपर्वमा तडक–भडक सहितका खर्चिला कार्यक्रमहरु नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती सांसदको प्रश्नः

## पिटीएमटीका आयोजना कहिले सम्पन्न हुने हो ?

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाका सदस्यहरुले प्रादेशिक सडक गुरु योजना (पिटीएमटी) कार्यान्वयनको विषयमा चासो व्यक्त गरेका छन् । प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिको बैठकमा सांसदहरुले पिटीएमटीका विषयमा चासो व्यक्त गरेका हुन् ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याएको सो परियोजनाको विषयमा संसदीय समितिका सदस्यहरुले सम्पन्न र गुणस्तरका विषयमा प्रश्न गरेका थिए । प्रदेश सरकारले चालु आर्थिक वर्षका २३० प्रादेशिक मार्ग र २० प्रादेशिक लोकमार्ग निर्धारण गरी पिटीएमटी कार्यान्वयन गरेको थियो । सो परियोजनाअन्तर्गत ६ हजार ३४३ किलोमिटर सडक क्षेत्र रहेको छ । जसमा प्रदेश लोकमार्ग १ हजार ११ किलोमिटर र प्रदेश मार्ग ५ हजार ३३२ किलोमिटर रहेको छ । उक्त सडक आयोजनाको पूर्वाधार निर्माणका लागि प्रदेश सरकारले करिब १० अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ ।

उक्त आयोजना निर्माण सम्पन्न हुने सुनिश्चितताका सबालमा संसदीय समितिको छलफलको विषय बनेको थियो । बैठकमा माओवादी केन्द्र बागमती प्रदेश अध्यक्ष एवम् सांसद सरल सहयात्रीले पिटीएमटीका सडक आयोजनाहरु सम्पन्न हुने समय कहिले हो भनेर प्रश्न गर्नुभयो । उहाँले सो परियोजनाको लागतका विषयमा पनि प्रश्न गर्नुभएको थियो ।

'पिटीएमटीका सडक कहिलेसम्म सम्पन्न हुने हो ? गुरुयोजनाअन्तर्गतको सडक पूर्वाधार निर्धारणका सवालमा मन्त्रालयले विस्तृत अध्ययन गरेको हुनपर्छ । कति बजेट लगानी हुनसक्छ र सम्पन्न हुन लाग्ने समय पनि त्यसमा निर्धारण गरिनुपर्छ', सांसद सहयात्रीले भन्नुभयो- 'प्रदेश सरकारले निर्धारण गरेको पिटीएमटीका विस्तृत विवरणलाई सारांशमा मार्गदर्शन तयार गरेर अघि बढ्नुपर्ने हुन्छ । पिटीएमटीलाई कानुनी प्रक्रियाबाटै सम्बोधन गरेर अघि बढाउने विषयमा सरकारले ध्यान दिनुपर्छ ।'

अनुकूलतामा संशोधन गर्ने अवस्थालाई व्यवस्थापन गर्ने प्रणालीका विषयमा गम्भीर रहनुपर्ने उहाँको भनाइ छ । अनुकूलतामा संशोधन हुँदै जाँदा पिटीएमटी सामान्य सडकको रुपमा नै परिणत हुने उहाँले बताउनुभयो । प्रदेश सरकारले आगामी आर्थिक वर्षमा कुल बजेटको सीमा तोकेर निश्चित प्रतिशत रकम पिटीएमटीका सडकमा लगानी गर्ने व्यवस्था मिलाउनुपर्ने उहाँले बताउनुभयो । पिटीएमटीका सडकहरुको पनि प्राथमिकीकरण अनुसार रणनीतिक आयोजनामा अनिवार्य लगानी गर्ने प्रबन्ध गर्नुपर्ने सांसद सहयात्रीले बताउनुभयो ।

प्रदेश सरकारले स-साना सडक निर्माण आयोजनाको लगानी क्रमिकरुपमा कम गर्दै प्रादेशिक सडक गुरुयोजनाको सडकमा बढी बजेट दिएर छिटो सम्पन्न गर्नुपर्ने उहाँले बताउनुभयो । बहुवर्षीय आयोजना र पिटीएमटीलाई समानान्तर र सन्तुलित ढंगबाट अघि बढाउनुपर्ने उहाँको भनाइ छ । एकातर्फ गुरुयोजना र अर्कोतर्फ रुपान्तकारी सडक आयोजनालाई बहुवर्षीय सहमति दिने र गुरुयोजनाको बजेटमा प्रभाव पार्ने काम गर्न नहुने उहाँले बताउनुभयो ।

कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले प्रादेशिक सडक गुरुयोजना वैज्ञानिक र प्रभावकारीरुपमा आउन नसकेको बताउनुभयो । प्रदेशको ६६ वटै निर्वाचन क्षेत्रलाई पिटीएमटीले समेट्न नसकेको उहाँको भनाइ छ । उहाँका अनुसार पिटीएमटीमा काठमाडौं उपत्यकाका आयोजनाहरु समावेश हुन सकेको छैन । ललितपुरको ग्वार्कोबाट इमाडोल, लुभु, लामटार हुँदै लाकुरी भञ्ज्याङ भएर काभ्रेको पनौती जोड्ने सडक, बालकुमारी चोकबाट लोकन्थली हुँदै बनेपा जोड्ने सडक पिटीएमटीमा समावेश हुन नसकेको उहाँले बताउनुभयो ।

पिटीएमटी प्रदेशका सबै नागरिकको अपनत्व हुने प्रकृतिको नहरेको उहाँको भनाइ छ । पिटीएमटीका कमी कमजोरीलाई सुधार गरेर समय निर्धारणसहित काम अघि बढाएर सम्पन्न गर्नुपर्ने उहाँले बताउनुभयो । सरकारको लगानी र सम्पन्नताको सुनिश्चितासहित प्राथमिकताका साथ पिटीएमटी कार्यान्वयनमा अघि बढाउनुपर्ने सांसद चित्रकारको भनाइ छ ।

एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलका अनुसार प्रदेश सरकारले सकारात्मक सुरुवातको रुपमा प्रदेशभित्र निर्माण हुने सडक आयोजना निर्धारण गरेको छ । केही सडक आयोजनाहरु थप गर्नुपर्ने र केही विषयहरु सुधार गर्दै कार्यान्वयनमा अघि बढ्नुपर्ने उहाँको भनाइ छ । सरकारले प्रादेशिक सडक आयोजनाको लगानी र निर्माण अवधि निर्धारण गरेर अघि बढ्नुपर्ने उहाँले बताउनुभयो । सरकारले तयार गरेको पिटीएमटीको कुल लागत र निर्माण अवधि निर्धारण गरेर व्यवस्थित कार्यान्वयनमा अघि बढ्नुपर्ने उहाँको भनाइ छ । प्रदेश सरकारले आवश्यकताको आधारमा सडक पूर्वाधार निमार्णको प्राथमिकीकरण गरेर कार्यान्वयनमा अघि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

### पिटीएमटी सडक सीमा निर्धारण गर्दै सरकार

प्रदेश सरकारले पिटीएमटीमा निर्धारित २५० सडक आयोजनाको अवस्थितिअनुसार सडक सीमा निर्धारणको तयारी अघि बढाएको छ । भौतिक पूर्वाधार मन्त्रालयले क्यालेण्डरअनुसार पिटीएमटीका सकड आयोजनाको अवस्थाका विषयमा अध्ययन थाल्ने तयारी गरेको छ भने सो सडकको सीमा निर्धारणको तयारी गरेको छ ।

मन्त्रालयले पहिलो चरणमा पिटीएमटीका सडक आयोजनाको 'इन्भेन्टरी' गर्ने तयारी गरेको छ । चालु आर्थिक वर्षको तेस्रो चौमासिकमा पिटिएमटी सडकहरुको इन्भेन्टरीसम्बन्धी गुरुयोजना निर्माणको तयारी गरेको मन्त्रालयका सचिव अमृत श्रेष्ठले जानकारी दिनुभयो । सोपश्चात् प्रादेशिक मार्ग र लोक मार्गहरुको अवस्था तथा पूर्वाधार निर्माणको योजना तयार हुने उहाँले बताउनुभयो । इन्भेन्टरी गुरुयोजनाले प्रदेश मार्ग र लोक मार्गको काम तथा लगानी र प्राथमिकीकरणमा थप सहयोग हुने उहाँको भनाइ छ ।

सचिव श्रेष्ठका अनुसार संघीय, प्रदेश र स्थानीय तहका निर्देशित ऐन, कानुन र मापदण्डअनुसार आगामी असार मसान्तभित्र नै पिटीएमटीका सडकहरुको सीमा निर्धारण गरिनेछ । हिमाल, पहाड र तराई क्षेत्रमा मापदण्डअनुसार पिटीएमटीका सडकहरुको सीमा निर्धारण गर्ने काममा मन्त्रालय अघि बढेको उहाँले बताउनुभयो । सोपश्चात् प्रदेश सरकारको लगानी तथा निर्माण अवधि र मर्मत कार्यको लागत अनुमान तयार हुने सचिव श्रेष्ठले बताउनुभयो । मन्त्रालयले निर्धारण गरेको मापदण्डअनुसार सो सडकहरु पहिचान गरी लगानी गर्ने तयारी सरकारको रहेको उहाँले बताउनुभयो ।

## सार्वभौमसत्ता जनतामा निहित: मुख्यमन्त्री लामा



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले संविधानले सार्वभौमसत्ता जनतामा निहित गरेको बताउनु भएको छ । उहाँले राज्य शक्ति र स्रोतलाई नेपाली जनताको अधिकार क्षेत्रमा कायम गरेको बताउनु भएको हो ।

संविधान दिवसको अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व प्राप्त भएको बताउनुभयो । संविधानले तीन तहको सरकारले पूरा गर्नेगरी जिम्मेवारीहरु निर्दिष्ट गरेको उहाँको भनाइ छ । 'संविधानले दिएको अधिकार बहन गर्दै समृद्ध राष्ट्रको निर्माणमा निर्धारित लक्ष्यहरु प्राप्तिको दिशामा अघि बढ्नुपर्ने दायित्व रहेको छ', मुख्यमन्त्री लामाले भन्नुभयो- 'संविधान जारी भएपश्चात् स्थापना भई शून्य अवस्थाबाट प्रदेश सरकार आफैंले कानुन निर्माण गरी सेवा प्रवाह गर्दै आइरहेको छ ।'

प्रदेशको संरचना स्थापनापछि बजेट र कानुनमा जनताको पहुँच विस्तार भएको उहाँको भनाइ छ । विगतमा सामर्थ्य र पहुँचको अभावमा सिंहदरबारको गेटबाटै फर्कने योजना, गुनासो र सुझावहरु हाल प्रदेश सरकारबाट सम्बोधन भएको उहाँले बताउनुभयो । तथ्यगत विश्लेषण गर्दा प्रदेश सरकार खर्च प्रणालीमा मितव्ययी रहेको पुष्टि हुँदै गएको उहाँले बताउनुभयो ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारले संघीय सरकारको कुल बजेटको ३.४७ प्रतिशतमात्रै वित्तीय हिस्सा समेटेको मुख्यमन्त्री लामाको दावी छ । संघीय सरकारले पुँजीगत खर्चका लागि १८ प्रतिशतमात्रै बजेट विनियोजन गर्दा बागमती प्रदेश सरकारले २७ प्रतिशत बजेट पुँजीगत खर्चमा लगानी गरेको उहाँले बताउनुभयो । प्रदेश सरकारका उपलब्धीहरु मितव्ययी रहेका भन्दै प्रदेश सरकार कानुनको सुदृढीकरण गर्दै अर्थतन्त्रलाई चलायमान गराउन र रोजगारीको अवसर सिर्जना गर्न लगानी प्रवर्द्धन, औद्योगिक विकास र शासकीय सुधार गर्ने नीति लिएको उहाँको भनाइ छ ।

संविधानले निर्दिष्ट गरेको तर अभ्यास गर्न नसकेको अधिकार प्राप्तिका लागि प्रदेश सरकारले पहल गरिरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारमार्फत् प्रहरी परिचालन, स्थानीय तहमा प्रशासनिक नेतृत्व परिचालन, राष्ट्रिय वनको व्यवस्थापकीय अधिकार, प्रादेशिक सूचना प्रणालीको विकास, बजेटको प्रतिशत वृद्धिलगायतका विषयमा संघीय सरकारसँग आवश्यक पहल भइरहेको उहाँले बताउनुभयो । जनतामा देखिएको विकासको तिव्र आकांक्षालाई प्रदेशको सिमित श्रोत साधनले सम्बोधन गर्न नसकेको उहाँले बताउनुभयो । जनताको माग र आवश्यकता सम्बोधन गर्न भौतिक पूर्वाधारतर्फको कुल बजेटको ७० प्रतिशत रकम बहुवर्षीय योजनाका लागि विनियोजन गरिएको मुख्यमन्त्री लामाले बताउनुभयो ।

बजेट विनियोजन नियन्त्रणका लागि आगामी वर्षबाट निश्चित मापदण्ड बनाएर कार्यान्वयनमा अघि बढ्ने सरकारको नीति रहेको उहाँको भनाइ छ । विकास आयोजना छनोट र कार्यान्वयनका लागि योजना छनोट मापदण्ड र आयोजना बैंक स्थापना गर्ने तथा वित्तीय विश्लेषणको आधारमा लगानीको विकास गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । प्रशासनिक खर्च न्यून गर्न थप सुधारका लागि प्रशासनिक पुन:संरचना गर्ने र एकै किसिमको सेवा कार्यालयहरु एकीकृत गर्ने नीति रहेको उहाँले बताउनुभयो ।

**हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...**

'असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ



Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

**१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।**

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।
हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।

भेष खड्गी, सञ्चालक

**हाम्रो ईभी सेवा**

हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

PEAK

**NOW OPEN**

20% Opening Discount

ERKE

ERKE & PEAK brand authorized showroom

**D next dress up**

हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# Everything is beautiful!

Sandesh Yadav

Oh'friend look there
A rabbit is comming here
Explain the beauty of trees
And little buzzing bees.

Why don't And big lit you enjoy the nature
And big little tiny creature.
Go in the shade of trees
And enjoy the honey provided by the bees.

Can't explain the beauty of nature
briefly The river, ponds, lakes and waterfall cheifly.
Can't explain in words also the beauty of nature
And the different features of big, little, tiny creature
Thank You!

Class–4, Brahmdik Academy, Hetauda-4

# बालअधिकार



चाँदनी साह

आज बालअधिकार हुन्थ्यो भने सबैको
मुहार हँसिलो देखिन्थ्यो ।
शिक्षा र स्वास्थ्यले भरिपूर्ण बालक देशको
भविष्य बनिन्थ्यो ।

आकाशलाई छुने आशा बोकी देशलाई
विश्वमा चिनाउने कोसिस गर्थे ।
आमाबुबालाई पहिलो गुरु मानेर
उनीहरूको पूजा गर्थे ।

तर अहिलेको समाजले बालअधिकारको को
नारा मात्र लगाउँछ ।
उनीहरूको घरमा हेर्‍यो भने
बालश्रम गराइरहेको पाइन्छ ।

प्रार्थना गर्छन् उनीहरूले राम्रो जीवन पाउन
तब पनि त्यही दुःख कष्ट भोगेको जीवन पाउँछ ।
केही गरेर हेराउन सक्छु भन्ने उनीहरूको मनमा
आशा हुन्छ
आफ्नो देशलाई विश्वमा चिनाउन सक्छु
भन्ने उनीहरूको भरोसा हुन्छ।

कक्षा-५, सिद्धार्थ शिशु सदन, हेटौंडा-५

# अभिभावकप्रति मेरो जिम्मेवारी



दर्शना सापकोटा

अभिभावक भन्नाले कुनै बालबालिकाको देखभाल, पालनपोषण, शिक्षादीक्षा, र मार्गदर्शनको जिम्मेवारी लिने व्यक्ति वा संस्था हो। अभिभावकहरू प्रायः बच्चाको शारीरिक, मानसिक, र सामाजिक विकासको ख्याल राख्छन् । अभिभावकहरू बच्चाको आवश्यकताहरू पूरा गर्न र उनीहरूको सुरक्षा सुनिश्चित गर्न उत्तरदायी हुन्छन् । यो भूमिका आमाबाबु, हजुरबुबा(हजुरआमा, नातेदार, वा कानूनी अभिभावकले निर्वाह गर्न सक्छन् ।

जिम्मेवारी भन्नाले कुनै काम वा कर्तव्यलाई पूरा गर्ने दायित्व या उत्तर दायित्वलाई जनाउँछ । यो एउटा यस्तो अवस्था हो जहाँ व्यक्तिलाई कुनै निश्चित काम, निर्णय, वा कार्यको नतिजाको लागि उत्तरदायी ठानिन्छ। जिम्मेवारीले व्यक्तिको कर्तव्य, नैतिकता, र कानूनी दायित्वलाई समेट्छ, जसले उनलाई आफ्नो कार्यको प्रभाव र परिणामको लागि जवाफदेही बनाउँछ ।

मातृदेवो भव, पितृदेवो भव अर्थात् मातापिता नै देवता हुन् । मानिसको जीवनको सबैभन्दा पहिलो सम्बन्ध त उसको परिवारसँग नै गाँसिएको हुन्छ । हरेक मानिसले आफ्नो जीवनको पहिलो किरण, आफ्नो आमा बुबाको मुहारको झझल्कोबाट प्राप्त गर्छ। एउटी आमाले सन्तानलाई जन्म दिन धेरै कष्ट सहन्छिन्, त्यसपछि आफ्नो मायाले हुर्काउछिन् । आमाबुबाको सहयोग, प्रेरणा, प्रेम र स्नेहबाट नै बालक हुर्कन्छ । मलाई यो सुन्दर संसार देखाउनु हुने मेरो आमाबुबाप्रति मेरो विशेष जिम्मेवारी हुन्छ ।

मेरा आमाबुबा मेरो संसार हुन् । हामीले सांसरमा जस्तो सुकै खुसी, जस्तो सुकै सुख किन्न सकेँ पनि आमा र बुबा भने किन्न सक्दैनौं । आमाबुबा भनेको सुन झै हुन् । आमाबुबाले भनेको कुरा मान्नु, उहाँहरूले देखाएको बाटोमा हिँड्नु मेरो दायित्व हो। बुबा र आमाको आचरण राख्नु मान, प्रतिष्ठाका साथ उहाँहरुको सपना पुरा गर्नु मेरो मुख्य कर्तव्य हो । आफ्नो सन्तानले ठुलो भएर आफ्नो नाम गौरवान्ति गरोस भन्ने सबै अभिभावकहरुको इच्छा हुन्छ । मैले यो कुरालाई मध्यनजर राख्दै सदैव असल कर्म गरेर आफ्नो अभिभावकको शिर उच्च राख्नु नै मेरॊ जिम्मेवारी हो ।

मेरो अभिभावक आफ्नो सन्तानलाई आफ्नो जीवनको केन्द्रविन्दु मान्नुहुन्छ । मलाई अवगत छ । मेरो अभिभावक आफ्नो सफलतामा भन्दा मेरो सफलतामा खुसी हुनुहुन्छ। सन्तानको सफलतालाई ठुलो जित मान्नुहुन्छ र सन्तानको हारलाई ठुलो हार मान्नुहुन्छ। यस्ता देवताहरुलाई खुसी तुल्याउनु नै मेरो जिम्मेवारी हो । आजको युगमा वा पुस्तामा अभिभावकलाई छाडेर विदेश पलायन हुने, विवाहपछि आफ्ना बुढा आमा बुबालाई अनाथ आश्रम छाड्ने र लोभ लालचमा घरको सम्पत्तिको लागि द्वेष गर्ने विभिन्न गतिविधिहरु भइरहेका छन् । मेरो सन्दर्भमा अभिभावकबिनाको अर्थमा केही अर्थ छैन । उहाँहरुकै छत्रछायाँमा उहाँहरुलाई सुख प्रदान गरेर उहाँहरुको सपना पूरा गरेर उहाँहरुको सेवामा लाग्नु नै सबैभन्दा ठूलो धर्म हो। सन्तानको लागि अभिभावकले जस्तो कष्ठ सहन्छन् त्इसको हामी सन्तानले परिकल्पना समेत गर्न सक्दैनौं ।

तसर्थ मातापिताको सेवाबाट प्राप्त हुने आत्मसन्तुष्टिभन्दा ठूलो अरु केही हुँदैन । श्रवणकुमार बनेर आफ्ना अभिभावकलार्य पूर्ण स्म्मान दिनु र सकेसम्म संसारको हरेक खुसी दिने प्रयास गर्नु मेरो परम जिम्मेवारी हो। जीवनभर उहाँहरुको सहारा बनेर उहाँहरुको इच्छा पूरा गर्नु नै मेरो उहाँहरुप्रतिको विशेष जिम्मेवारी हो ।

कक्षा-१०, नवोदय शिशु सदन
हेटौंडा-४

# ‘शिकारी रन’



आभा पोखरेल

लुनाको घर नजिकै एउटा वन छ। उनी वनमा जाँदा रमाउँछिन्। आज उनी वनमा जाँदा उसको कक्षाको साथीलाइ देखिन् । रन एउटा जरायोलाई बन्दुक ताकिरहेको थियो। जरायोले बन्दुक देखेको थिएन । लुना जरायो तिर दौडिइन् । जरायोले उसलाई देखेर भाग्यो ।

रन अचम्म परेर लुनालाई हेर्‍यो । “तिमीले किन जरायोलाई धपाइदिएको ?”

“किनकी तिमीले त्यो जरायोलाई मार्न लाएको थियौ” लुनाले भनिन् ।”

“मैले त्यो जरायो खानका लागि मारेको हो ।” रनले भन्यो ।

“नखाउ न” लुनाले भनिन्। “नखाउ रे ! म भोक्कै हुने त ?” रनले निहु खोज्यो ।

“मैले खानेकुरा नखाउ भनेर कहाँ भनेको छु र ? जंगलमै भएका जनावर मारेर नखाउ भनेको हो ।” लुनाले भनिन् ।

“एउटा जरायो मारेर के हुन्छ र ?” रनले सोध्यो ।

“सबै जनाले त्यस्तो भन्दै जंगलका जनावर मारे भने कुनै एकदिन त जनावर गायब हुन्छन् नि” लुनाले बुझाउन खोजिन् ।

“ती जनावरहरुले बच्चा पाउँदैनन् र ?” रनले उत्सुक हुँदै सोध्यो ।

“बच्चा पाउन त पाउँछन् तर हामीले उनीहरुलाई हुर्कन समय दिनु पर्‍यो नि । हामीले तिनीहरुलाई छिटो छिटो मार्छौं, हुर्कन दिदैनौं र त्यसैले तिनीहरुको संख्या घट्छ । वरिपरी हेर त, कति रमाइलो छ ? जनावरहरु संसारबाट गायब भए भने संसार कसरी फेरिन्थ्यो होला ? संसार कस्तो हुन्थ्यो होला ?

“ए ! मलाई त यस्तो थाहा नै थिएन !

तिमीले मेरो आँखा खोलिदियौं । धन्यवाद !

अबदेखि मैले जनावरको कहिल्यै नी हानी गर्दिन । मैले तिमी जस्तै अरुलाई जनावरको महत्वबारे सिकाउँछु ।” रनले भन्यो ।

“तिमीलाई यस्तो परिवर्तन भएको देख्दा र सुन्दा खुसी लाग्यो । अब भोलि स्कुलमा भेटौंला है त” लुनाले खुसी हुँदै भनिन् ।


“ल ! आजलाई बिदा, भोलि हाम्रो साथीहरुलाई पनि यो कुरा सुनाउँ है त ?”

“हुन्छ नि” लुनाले घरतिर फर्कंदै भनिन् । रन पनि आफ्नो बाटो लाग्यो ।

टोरोन्टो, क्यानडा





राहुल राउत
हेटौंडा क्याम्पस






सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४




बृयन सञ्जेल
कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२



सिद्वान्त यादव
कक्षा-६, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५





दिपासना थापा
कक्षा-१०, जिएस निकेतन, हेटौंडा-५

# यार्चा



✍आसिया अन्जुम

लेखक परिचय

यस उपन्यासका लेखक अनन्त वाग्ले हुन् । दुई दशकभन्दा लामो समयदेखि बालसाहित्य सिर्जनामा समर्पित अनन्त वाग्लेका ४० भन्दा बढी पुस्तक प्रकाशित छन् । उनी प्रखर कवि लेखक र कुशल सम्पादक पनि हुन् । उनले युवा वर्ष मोती पुरस्कार साझा बाल साहित्य पुरस्कार लगायतका राष्ट्रिय स्तरका थुप्रै पुरस्कारहरु प्राप्त गरिसकेका छन् । यार्चामा उनले नेपाली प्रकृति तथा कठिन हिमाली जीवनशैली प्रस्तुत गर्दै बालबालिकामा करुणा र विवेक भर्ने सुन्दर कथा बुनेका छन् । रोमाञ्चक साहसको यात्रा यो पुस्तकलाई समालोचक तथा शिक्षकहरूले विज्ञान समाजशास्त्र र शिक्षाका विषयलाई निकै मिठो भाषाशैलीमा उठान गरिएको भने टिप्पणी गरेका छन् ।

पुस्तक परिचयः यार्चा शीर्षकको बाल उपन्यास काठमाडौं पब्लिकेसनले प्रकाशनमा ल्याएको पुस्तक हो । यस पुस्तकका लेखक अनन्त वाग्ले हुन् । यस पुस्तकका चित्रकार कृष्ण गोपाल श्रेष्ठ हुन् । यो पुस्तकको आइएसबिएन नम्बर ९७८ ९९३७ ६७२ ०८ ९ रहेको छ । यो पुस्तकमा जम्मा ९९ पृष्ठ रहेका छन् । यो पुस्तकको आवरण चित्र रंगीन छ । बाहिरी गातामा हिमाली भेगमा पाइने वनस्पति एवम् जीव यार्चाको चित्र रहेको छ ।

कथावस्तुः मोती त्यो दिन ढिलो स्कुल जाँदै थिइन् । उनी विद्यालय पुगेपछि त्यसदिन हेड मास्टरले यार्चा टिप्न जानका लागि विद्यालय बन्द नहुने कुरा गरे । यो कुरा विद्यालयका विद्यार्थीहरूलाई मन परेन र अभिभावकले पनि चित्त बुझाएनन् पछि फेरि हेड सरले यार्चा टिप्न जानका लागि विद्यालय छुट्टी दिने भन्ने कुरा सुनाए त्यसपछि विद्यार्थी र विद्यार्थीका अभिभावकलाई खुसीको मौसम आयो । भोलिपल्ट बिहान सबैजना यार्चा खोज्न जाने तयारी गर्न थाले । साना बालबालिका र अशक्त बुढाबुढीदेखि बाहेक घरका सबै सदस्यहरू यार्चा टिप्न जानका लागि तयार भए सबै गाउँलेहरू नै घरको मूल ढोका नै बन्द गरेर यार्चा टिप्न पहाडतिर उक्लिए ।

बाटो असाध्यै कठिन थियो । त्यसमाथि पनि कयौ दिनको बसाई हुने भएकाले बाटोमा खान बस्नका लागि आवश्यक मालसामान बोक्दा गाउँलेहरूका भारी गर्नुभएको थियो । त्यसमा कसैका त साना केटाकेटी समेत भारीमाथि नै बोक्नुपर्ने बाध्यता थियो । यसरी गाउँलेहरु निकै दिन लगाएर हिमाली क्षेत्र यार्चा टिप्ने ठाउँमा पुगे । मौसम हिउँ परिरहेको थियो । साना केटाकेटी पनि साथमै थिए । ती साना केटाकेटीलाई कसरी जोगाउने भन्ने चिन्ता आमाबुबामा देखिन्थ्यो । कठिन परिस्थितिको बावजुद पनि गाउँलेहरूले यार्चा टिप्ने काम सुरु गरे । ज्यादै हिउँ परेको हुनाले यसपाली भने त्यति धेरै यार्चा टिप्न सकेनन् यसै बीच गाउँलेहरूसँगै यार्चा टिप्न गएका कालीबहादुरको निधन भएपछि गाउँलेहरूमा निराशा छायो । ज्यादै लेक लागेकाले गाउँलेहरु पनि त्यहाँबाट छिट्टै फर्किने विचार गर्न थाले दुःख गरेर तर गाउँलेहरुले उक्त चोरलाई बेलैमा पक्रिए । यस्तै अप्ठ्यारो परिस्थिति झेल्दै गाउँलेहरू गाउँ फर्किए ।

पात्रहरुः यस उपन्यासमा लाले मोती आमाबुबा घरका परिवार चोर, डाक्टर मानवीय पात्रहरू प्रयोग भएका छन् । त्यस्तैगरी यार्चा मानववेतर पात्र प्रयोग भएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म मोती सक्रिय पात्रको रुपमा देखापरेको छ । घरपरिवारलाई काममा सहयोग पुऱ्याउने र भाइबहिनीलाई हेर चाह गर्ने मोती दयालु पात्र हो । टिपेका यार्चाहरू चोर्न आएको चोरलाई पक्रन सफल भएको हुनाले मोती साहसिक बालपात्र हो ।

वातावरणः मोती र उसको परिवार को घरायसी वातावरण घर विद्यालय यार्चा खोज्न जाने बाटो याचा पाउनेले स्थलगत परिवेशका रुपमा आएका छन् । यार्चा टिप्न जाने क्रममा भोग्नुपरेका कठिन परिस्थितिहरू पनि यसका परिवेश हुन् । लगभग एक महिनासम्म यार्चाको खोजीमा निस्किएका गाउँलेहरूले पार गरेका दुःख दुःखका गौडाहरू र लेखले सताएको हिमाली क्षेत्रको परिवेशलाई यस उपन्यासले बुझाएको छ ।

मुख्य सन्देश : हिमाली भेगमा बस्ने मानिसका आर्थिक पीडा दुःख मर्म र यार्चा सङ्कलनका क्रममा आएको आरोह अवरोहलाई सबैमा चिनाउनु यस पुस्तकको उद्देश्य हो भने हामीले जस्तोसुकै कठिन अवस्थामा पनि आत्तिनु हुँदैन भन्ने सन्देश दिनु यस उपन्यासको मूल उद्देश्य हो ।

पाठकीय प्रतिक्रियाः यो उपन्यास पढेपछि मैले जस्तो पनि दुःखलाई सहन सक्छु भन्ने आट बटुलेको छु । जीविकोपार्जनका लागि जस्तोसुकै मिहिनेत पनि गर्नुपर्छ भन्ने ज्ञान पाएको छु । पुस्तक पढ्न सजिलो र अर्थयुक्त भएकाले मलाई यस पुस्तकले आकर्षित गरेको छ । त्यसैले म यो पुस्तक मेरा सबै साथीहरुलाई पढ्न सुझाव दिन्छु ।

(कक्षा-६ बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२)

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ने हुन्छ । नियमित र व्यवहारिक खर्च बढ्न सक्छ । वैदेशिक प्रयोजनबाट लाभ प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक छ । अरुमाथि विश्वास नगर्दा राम्रो रहन्छ । मातापिता र वयोबृद्ध व्यक्तिबाट आशिर्वाद प्राप्त होला । परीक्षा र प्रतियोगिताका काममा सरिक भइएला ।

**वृष राशिः** राज्यपक्षबाट विशेष लाभ र सफलता प्राप्त होला । शिक्षादीक्षा र ज्ञानगुनका क्षेत्रमा खट्नेले समेत प्रतिष्ठामा वृद्धि प्राप्त गर्नेछन् । ठूलाको सहानुभूति र शुभाकाङ्क्षा प्राप्त हुनेछ । भोगविलासका काममा रमाइएला । प्रयासले काममा सफलता प्राप्त होला । धार्मिक, सामाजिक एवं राजनैतिक काममा सरिक भइएला ।

**मिथुन राशिः** व्यक्तित्व, प्रतिष्ठा र कार्यक्षमताका दृष्टिले समय फलदायी छ । कार्यक्षेत्रका समस्याहरु समाधान होलान् । मातापिताको स्वास्थ्यमा सुधार हुनेछ । कुनै महङ्गो उपकरणको खरिद होला । आन्तरिक तिर्सना र भोगविलासप्रति झुकाब बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । सामाजिम र धार्मिक कृत्यमा सरिक भइने छ ।

**कर्कट राशिः** नियम र अनुशासन पालन गर्दा राम्रो रहन्छ । धार्मिक एवम् दार्शनिक काममा आकर्षण बढ्नेछ । कामहरु पूरा हुने समय योग छ । सामाजिक काममा सरिक भइने समय योग छ । आम्दानीको मार्गमा बढोत्तरी होला । छर–छिमेकको काममा खट्नु पर्ने समय छ । अध्ययन–अध्यापनका काममा मन जाने समय योग छ ।

**सिंह राशिः** धेरै बटुल्ने प्रयास नगर्दा राम्रो रहन्छ । दुराशा र महत्वकांक्षालाई थाती राख्दा राम्रो रहनेछ । संयमताका साथ काममा निरन्तरता दिँदा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक नै देखिन्छ । भेटघाटमा समस्या बढ्न सक्छ । पढाइ–लेखाइ भन्दा मनोरञ्जनमा समय व्यतित हुनेछ । धार्मिक यात्रामा सरिक भइएला ।

**कन्या राशिः** मित्रताको बन्धन कसिनुका साथै सुखमा रमाउने समय छ । आत्मीयजनसँग एकान्तमा बसेर भावना साटासाट गर्ने मौका पाइनेछ । कामको चाप र थकाइबाट मुक्त होला । आत्मीय भावनामा वृद्धि हुनेछ । आनन्द र रामरमाइलोमा समय बित्ला । कल्पनारी तर भावुक बन्ने समय योग रहेको छ । धार्मिक एवं सामाजिक क्रियाकलापमा सरिक भइने छ ।

**तुला राशिः** निर्माण व्यवसायी, भवन, श्रमिक तथा साहसी काममा समय व्यतित होला । घर व्यवहार र कार्यक्षेत्रको दैनिकीमा व्यस्त भइएला । आहारबिहारमा ध्यान पुऱ्याउँदा राम्रो रहन्छ । शारीरिक थकान र बेचैनी भने बढ्ने छ । व्यापार–व्यवसायमा चुनौती बढ्ला । धार्मिक एवम् सामाजिक कामले आत्मीक आनन्द प्राप्त होला ।

**वृश्चिक राशिः** प्राविधिक र सीपमूलक क्षेत्रका काममा आकर्षण बढ्ला । ज्ञान र अनुभव बढाएर व्यक्तित्वलाई अपडेट गर्नु समुचित हुनेछ । व्यापार–व्यवसाय ठिकै रहनेछ । धार्मिक एवम् सामाजिक काममा मन जानेछ । प्रतिष्ठा र सम्मानमा बढोत्तरी होला । आत्मबल र हौसलाको काममा पूर्णता प्राप्त प्राप्त हुनेछ । लेखाइ–पढाइ ठिकै रहनेछ ।

**धनु राशिः** शरीर स्वस्थ रहने छ तर चिन्तामा वृद्धि होला । आफन्तको व्यवहारले दिग्दारी बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । भोगविलासका सामग्री खरिद बिक्रीमा समय व्यतित होला । महत्वहीन काममा समय नदिँदा राम्रो । पठनपाठनको क्षेत्रमा सोचे अनुरुप लाभ होला । पारिवारीक समस्यया हल हुनेछ । परिश्रम र बुद्धिले काममा पूर्णता प्राप्त हुने समय छ ।

**मकर राशिः** पराक्रम र उत्साहमा वृद्धि हुनाले विगतमा भएका राम्रा कामको स्मरण हुनेछ । सहयोगीहरुले साथ दिनेछन् । काममा सोचे जस्तै सफलता मिल्ला । परिश्रम र मिहिनेतले आय–आम्दानी बढ्ने समय छ । हाँके ताकेका काममा लाभ हाला । काममा दौडधूप बढ्न सक्छ । धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।

**कुम्भ राशिः** कला र साहित्यिक काममा रुची बढ्ने समय छ । नचिताएको धन हातपर्ने समय छ । रोकिएको धनले गति समात्ने समय छ । प्यापार–व्यवसाय मध्यमकारक छ । आफ्नो काममा ध्यान दिने समय योग छ । व्यर्थका काममा नअल्मलिँदा राम्रो रहने समय छ । धार्मिक एवम् सामाजिक काममा सरिम भइने छ ।

**मीन राशिः** नयाँ उत्साह र उमङ्ग जाग्ने समय छ । विजय र सफलताले साथ दिने समय छ । रिसराग र घमण्ड र अहंकारबाट टाढा हुँदा राम्रो रहनेछ । व्यापार–व्यवसाय मध्यमकारक रहनेछ । सम्मान र प्रतिष्ठा कमाइने समय छ । रचनात्मक एवम् सीपमूलक कामबाट लाभ होला । अध्ययन–अध्यपापनबाट लाभ प्राप्त होला ।

# टुक्का



✍कृष्ण कुमार वैद्य

यताउता ब्रह्माण्ड नियाल्छ आँखा घुमाई,
नियाल्दैनन् कोही मनुवा स्वयं आफूलाई ।

हसुर्छन् देख्याजति सब जग्गा सरकारी,
त्यतिकै भरिन्न है भूमाफियाको भकारी ।

महिनौंको रमझम सकियो क्यारे आज,
लहलहैमा लागेको अहिले लाग्यो लाज ।

बाढी बिना त्यतिकै डुब्दैन देश पानीले,
डुबाए नि शासकको भागबन्डा बानीले ।

माया गर्छु भन्नेको पनि निको छैन चाला,
एकपछि अर्को चुनेर टाँसि हिँड्छ गाला ।

रूखको चौटो झरेर बिम्बमा ठान्यो शिर,
छायामा गिँड मात्र देख्दा पर्नु पऱ्यो पिर ।

काकाकुल प्रतिक्षा गर्छन् मेलम्चीको पानी,
भाखा हालि बिताउने भो सारा जिन्दगानी ।

अभ्यासमा लाग्दा दुईचार टुक्का लेखियो,
टुक्का काव्य खुल्यो यसमै जगत देखियो ।

भनिन्थ्यो त बालबालिका भविष्यका तारा,
आज मजदुर भोलि बन्दैछ सर्वहारा ।

अचेतहरू अल्झिन्छ माकुराको जालोमा,
सचेतले पार्छ माकुरालाई भड्खालोमा ।

*बनेपा-९, काभ्रे*

# बालअधिकार



✍आयुषी केशरी

बालबालिकाको शिक्षा, स्वास्थ्य र
माया हो अधिकार
यी सबै दिएर बनाउ
उज्जवल संसार ॥

बालबालिका हकदार छन् प्रेम र सुरक्षा
उनीहरुको भविष्य हो हाम्रो प्रेरणा
शिक्षा, स्वास्थ्य, खेल्ने अधिकार
यी नै हुन् बालबालिकाको आधार ॥

उनको जीवन हो अमूल्य र महान्
अधिकार दिनु हाम्रो कर्तव्य प्रधान
शोषण हिंसा कहिल्यै नगर्ने
माया र सम्मान सधैं सजाउँने ॥

स्वतन्त्र बाँच्ने अधिकार उनीहरुको छ,
सपना देख्ने हक पनि जन्मसिद्ध छ
बालअधिकारलाई मानेर अघि बढौं,
सकारात्मक भविष्यसँगै गरौं ॥

कक्षा-७, बालजागृति इङ्गलिस सेकेण्डरी स्कुल,
हेटौंडा-२

# Children



✍Rushika Lamichane

The one god gift that we all know they are children who learn slow. The faster the growth the harder obstacle Yeah, I'm right. You love pietes. pickles. A small brain with burden of works It's true that you can't find your socks. Barely obedient, mostly naughty Be aware, playing in mud can make you dirty. In dreamy world, they frequently play Best of luck children, in future you have to slay.

Class-10, Siddhartha Shishu Sadan, Hetauda-5

## गाउँखाने कथा

१. एउटा बुढी भूइँमा लडी, कुम्लो छोडेर रुख चढी ।
- सखरखण्ड

२. एक खुट्टे गाई, दैलोमा नअटाई ।
- छाता

३. राती–राती कराउने बानी, घरमा उसको पानी–पानी ।
- भ्यागुतो

४. कालीगंगा गौरीघाट, बत्तीस हाँगा एउटै पात ।
- जिब्रो

५. काली बुढीको भान्सा मीठो, ठेकी र दही काम एकै भएपनि अनेक थरी नाम, फोहोरको दुनियाँ नाँच्ने त्यसको काम ।
- साबुन

# तिमी



✍सन्ध्या बस्नेत

आहा ! सम्झँदा अझै पनि मेरा यि दुई आँखा रसाउँछन्
तिमी बाहेक अरु कोहि हेर्न अझै पनि मेरा यि मन डराउँछन्,

तिमीसँग बिताएका ति दिन साँच्चै नै अमूल्य नै रह्यो
सँगै सधैं हुने भन्दै खाएका ति वाचा मेरो वाचामै सीमित रह्यो,

मलाई कति पनि मन थिएन यसरी तिमीबाट टाढिएर बस्न
साँचेका ति हाम्रा हजारौं सपनाहरू केवल सपनामै सीमित राख्न,

तिमी फर्की आउँछौ भन्ने आश अझै पनि यो मनले लिरहन्छ
महिनौं अगाडिको तिम्रो म्यासेज हेर्दा मुहारमा अझै पनि त्यस्तै मुस्कान सजिन्छ ।

कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौंडा-४

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं
र सुनाऔं

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

Email:
sambridhasamaj@gmail.com

## वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिता
# आयोजक र वडा-९ 'ए' फाइनलमा प्रवेश



*म्यान अफ द म्याचको ट्रफी हस्तान्तरण गर्नुहुँदै प्रतिनिधि सभा सदस्य तथा संघीय सरकारका प्रमुख सचेतक महेश बर्तौला ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८ कमानेमा जारी वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा आयोजक नेपाल खेलकुद महासंघ ८ नम्बर वडा कमिटी र वडा-९ 'ए' प्रवेश गरेको छ । शुक्रबार भएको पहिलो सेमीफाइनल खेलमा हेटौंडा-८ 'ए' लाई १०२ रनले हराउँदै आयोजकले खेलकुद महासंघ वडा-८ कमिटी र वडा-२ लाई २३ रनले हराउँदै वडा-९ ले फाइनलको यात्रा पूरा गरेको हो ।

टस जितेर पहिलो व्याटिङ गरेको आयोजकले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर २ सय २० रन बनाएको थियो । आयोजक टिमका लागि विजय घलानले सर्वाधिक ८४ रन जोड्न सफल भए । वृजेश कार्कीले ६९ रन बनाउन सफल हुँदा रमेश उपाध्यायले २६ रनको योग्दान दिएका थिए । बलिङतर्फ स्पन्धन क्षेत्री, भुवन थापा, गौरव खड्का, गोकुल चौलागाईं र रोनिश श्रेष्ठले समान २-२ विकेट लिएका थिए । म्यान अफ द म्याच आयोजक टिमका विजय घलान घोषित भए । घलानलाई म्यान अफ द म्याचको ट्रफी प्रतिनिधि सभा सदस्य तथा संघीय सरकारका प्रमुख सचेतक महेश बर्तौलाले प्रदान गर्नुभयो ।

जवाफी व्याटिङ गरेको वडा-८ 'ए' ले १७ ओभरमा सबै विकेट गुमाएर १ सय १८ रन मात्र बनाउन सफल भयो । सुरज भट्टराईले सर्वाधिक ४० रन बनाएका थिए । विकास डङ्गोलले २७ रनको योग्दान दिएका थिए भने विजय राजले २० रन बनाएका थिए । यस्तै सृजन अधिकारीले १० रन जोडेका थिए । बलिङतर्फ प्रेम क्षेत्री र समीर थापा मगरले समान ३/३ विकेट लिएका थिए । अरुण ढकालले २ विकेट लिएका थिए ।

टस जितेर पहिले व्याटिङ गरेको वडा-९ 'ए' २० ओभरमा २ सय २० रन बनाएको थियो । विवेक दहालले ४४ रन बनाएका थिए । वर्षाका कारण प्रभावित भएपछि दोस्रो सेमीफाइनल खेल डक वर्थ लेविसका आधारमा दोस्रो इनिङ्स ८ ओभर ५ बलमा छोट्याइएको थियो । म्यान अफ द म्याच सुमन श्रेष्ठ घोषित भए । नेकपा एमाले ८ नम्बर वडा कमिटीको सहयोग तथा नेपाल खेलकुद महासंघ वडा कमिटीको आयोजनामा प्रतियोगिता भएको हो । धर्मराज पुडासैनीको संयोजकत्वमा भएको प्रतियोगितामा १९ टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# संस्कृति संरक्षणमा गम्भीर

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेशमा बोलिने भाषा तथा संस्कृति संरक्षण र सम्वर्द्धनमा सरकार गम्भीर रहेको बताउनुभएको छ । प्रदेशमा बोलिने सबै भाषाहरुलाई सन्तुलित रुपमा विकास र सम्वर्द्धन गर्नुपर्ने उहाँले बताउनुभयो ।

भाषा आयोगले शुक्रबार हेटौंडामा आयोजना गरेको सरकारी कामकाजमा मातृभाषाः वार्षिक शिक्षाको नमुना विकास सम्बन्धी सहजीकरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले संघीयताको आलोचना भइरहेको बेलामा नागरिकको अपनत्व हुनेगरी प्रदेश सरकारले सरकारी कामकाजी भाषा सम्बन्धी ऐन जारी गरेको बताउनुभयो । सरकारले संविधानको व्यवस्था अनुसार सबै नागरिकको भाषा सम्बन्धी अधिकारलाई सुनिश्चित गरेको उहाँको भनाई छ । संविधानको व्यवस्था अनुसार बहुसंख्यक नागरिकले बोल्ने भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने अधिकारलाई कार्यान्वयन गरेको उहाँको भनाई छ ।

"प्रदेश सरकारले बहुसंख्यक नागरिकले बोल्ने २ भाषालाई सरकारी कामकाजमा लागु गरेको छ । क्रमशः त्यसलाई सुधार गर्दै कार्यान्वयनमा अघि बढ्नुपर्छ । प्रदेश सरकारले भाषा ऐन कार्यान्वयनका लागि पहिलो चरणमा प्रदेशसभामा २ वटा दरवन्दी सृजना गरी अनुवादक नियुक्त गर्ने र भाषा अनुवाद यन्त्र खरिद तथा एप्लीकेशन निर्माणको तयारीमा रहेको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार अन्य भाषा तथा संस्कृतिलाई अपहेलना गर्नु कानुनी अपराध हो । भाषा ऐनले त्यसका विषयमा दण्ड सजायको समेत व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो । भाषा सम्बन्धी ऐन कार्यान्वयनमा सम्बन्धी सरोकारवाला पक्षको समेत सक्रियता रहनुपर्ने उहाँको भनाई छ ।

कार्यक्रममा प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरीले भाषा सम्बन्धी ऐन कार्यान्वयनमा प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो । प्रक्रियागत रुपमा प्रदेश सरकारले भाषा सम्बन्धी ऐनका व्यवस्थाहरुलाई कार्यान्वयनमा अघि बढ्ने उनको भनाई छ । संघीयताको सवल पक्षको रुपमा रहेको भाषा सम्बन्धी अधिकार आम नागरिकमा पुऱ्याउन प्रदेश सरकारले भूमिका खेल्ने उहाँले बताउनुभयो । प्रदेश सरकारले भाषा ऐन कार्यान्वयन सम्बन्धमा गठित विज्ञ कार्यदलले पेश गरेको प्रतिवेदन प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्बाट पारित गरेर थप कामहरु अघि बढाउने उहाँले बताउनुभयो ।

# 'स्मृतिका पानाहरू' सार्वजनिक

समाज संवाददाता

हेटौंडाः मकवानपुरे वरिष्ठ पत्रकार, साहित्यकार, शिक्षक कौशल पाण्डेको स्मृतिमा प्रकाशित कृति सार्वजनिक गरिएको छ । श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठान मकवानपुरको संस्थापक अध्यक्षसमेत रहनुभएका कौशल पाण्डेको स्मृतिमा प्रकाशित ग्रन्थ 'स्मृतिका पानाहरू' असोज ३ गते बिहीबार हेटौंडामा सार्वजनिक भएको हो ।

प्रगतिवादी अध्येता एवम् साहित्यकार डीआर पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बागमती प्रदेश निवर्तमान खानेपानी, ऊर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्का, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी छिन्तु, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको विशिष्ट आतिथ्य रहेको थियो ।

कार्यक्रममा भीमसेन महत, सीता बिष्ट, प्रमिला पुलामी, राधा तिमल्सिना, सूर्यचन्द्र न्यौपाने, नवीन सिग्देल, फुर्वा दोर्जे लामा, कृष्णप्रसाद घिमिरे, पुरणबहादुर जोशी, ध्रुव अधिकारी, निमेश निखिल, ह्यग्रीव आचार्य, समीम शाह, रामसागर गुरागाई, सञ्जय साह, किसुन दयाल यादवलगायत राजनैतिक, साहित्यिक, पत्रकारिता र शिक्षण क्षेत्रका व्यक्तित्वहरु उपस्थित थियो ।

प्रकाशित पुस्तकबारे समीक्षकहरू राजबाबु पहाडी र सूर्यप्रसाद शर्माले धारणा राख्नुभएको थियो । पुस्तकबारे बोल्दै समीक्षकहरूले कौशल पाण्डे नेपाली पत्रकारिता, साहित्य, शिक्षण र राजनीतिक क्षेत्रमा बिर्सिन नसकिने नामको रुपमा रहनुभएको कृतिबाट जानकारी हुने मत राख्नुभएको थियो

। ग्रन्थ प्रकाशन समितिका संयोजक ऋषिराम पोखरेलले स्वागत गर्नुभएको उक्त कार्यक्रम श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका अध्यक्ष इन्द्र नेपालको सभाध्यक्षतामा भएको थियो । साथै कार्यक्रमको सहजीकरण प्रतिष्ठानका सचिव सुवास खनालले गर्नुभएको थियो ।

कार्यक्रममा कवि पुरुषोत्तम आचार्य र कौशल पाण्डेकी कान्छी बहिनी शान्तिदेवी ढुङ्गानाले रचनावाचन गर्नुभएको थियो भने प्रतिष्ठानले 'कौशल पाण्डे स्मृति पुरस्कार' स्थापना गरी कार्ययोजना बनाएर वार्षिकरुपमा प्रदान गर्ने जानकारी गराएको थियो ।

# रेडक्रसको प्रधानाध्यापक गोष्ठी सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको आयोजनामा जिल्लास्तरीय प्रधानाध्यापक (प्रअ) गोष्ठी सम्पन्न भएको छ । जिल्लाका करिब एक सय सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकको सहभागितामा शुक्रबार गोष्ठी भएको हो ।

विद्यालयहरुमा रेडक्रसलाई अभियानको रूपमा सञ्चालन गरी जुनियर/युवा रेडक्रस सर्कल गठन तथा पुनर्गठन गर्ने, जिल्लास्तरीय जुनियर/युवा कोष निर्माणका लागि सहयोग अभियान सञ्चालन गर्ने, पालिकास्तरीय प्राथमिक उपचार तथा बिपद् व्यवस्थापनलगायत विभिन्न तालिमहरु सञ्चालन गर्ने निर्णय गरेको छ । जिल्लास्तरीय शिक्षक नायक गोष्ठी तथा शिक्षक भलिबल प्रतियोगिता सञ्चालन गर्नेलगायतका ६ वटा विषयमा महत्वपूर्ण छलफल भई निर्णय गरिएको नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाका उपमन्त्री शिवहरि दाहालले जानकारी दिनुभयो ।

रेडक्रस मकवानपुरका उपमन्त्री तथा जिल्ला जुनियर/युवा समितिका संयोजक शिवहरि दाहालको अध्यक्षता तथा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान एवम् रेडक्रस सोसाइटी बागमती प्रदेश अध्यक्ष भोला रुपाखेतीको विशिष्ट आतिथ्य रहेको थियो ।

कार्यक्रममा मकवानपुर शाखा सभापति लालबहादुर थापा, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरी, नेरेसो बागमती प्रदेश सदस्य एवं जिल्ला शाखाका उपसभापति खेमराज सापकोटा, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदी, जिल्ला शाखाका मन्त्री सुमित्रा काफ्ले, कोषाध्यक्ष किशोर बर्तौला, उपकोकोषाध्यक्ष मंगल रखाल, सदस्य पिताम्बर बास्तोला, कृष्ण बहादुर सापकोटा, नारायण तिमल्सिना, ईश्वर पण्डित, सुन्तलीमाया चेपाङ्ग, कार्यालय प्रमुख लक्ष्मण भट्टराई, लेखा प्रमुख रामजी खतिवडा, जिल्ला जुनियर/युवा समिती सदस्यहरु बालकुमार श्रेष्ठ, हिक्मत श्रेष्ठ, कृतिका लौडारी, बिष्णुहरि मिश्र, आमभन्ज्याङ्ग उपशाखाका सभापति नानीराम तिमल्सिनालगायतको उपस्थिति रहेको थियो ।

# विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम

समाज संवाददाता

हेटौंडाः विद्यार्थीमा रहेका प्रतिभा पहिचान र प्रष्फुटनका लागि कार्यक्रम गरिएको छ । 'स्टुडेन्ट क्वालिटी सर्कल' (एसक्यूसी) हेटौंडा क्याम्पसले प्रतिभा पहिचान तथा प्रस्फुटीकरण कार्यक्रम गरेको हो ।

विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा पहिचान गरी प्रस्तुत गर्दै भविष्यको लागि मार्गदर्शनसमेत गर्ने उद्देश्यले गरिएको कार्यक्रममा हेटौंडा क्याम्पसका एसक्यूसी संयोजक युवराज विश्वकर्माको सभाध्यक्षता एवम् क्याम्पस प्रमुख देवीराम लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा नृत्य, गायन, क्यारिकेचर, मुक्तक, गजल, अभिनय, चित्रकला प्रदर्शनीलगायत विभिन्न विधा समेटी ३० वटाभन्दा धेरै प्रस्तुतिहरु प्रदर्शन भएको थियो ।

क्याम्पस प्रमुख लामाले यस्ता कार्यक्रमहरुले विद्यार्थीको व्यक्तित्व विकासमा अमूल्य योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो । एसक्यूसी संयोजक विश्वकर्माले विद्यार्थीहरुलाई पढाइका अतिरिक्त यस्ता आन्तरिक प्रतिभा पहिचानका कार्यक्रमहरु पनि आवश्यक हुने भएकाले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले यस कार्यक्रमबाट विद्यार्थी एवम् क्याम्पसको गुणस्तर वृद्धिमा समेत ठूलो सहयोग पुग्ने जिकिर गर्नुभयो ।

# भेट्रान्स भलिबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी मकवानपुर जिल्लास्तरीय भेट्रान्स भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । शुक्रबार क्वार्टरफाइनल चरणको अन्तिम ४ खेलहरु सम्पन्न भएसँगै जिल्लास्तरीय भेट्रान्स भलिबलको सेमिफाइनल समीकरण पूरा भएको हो ।

हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको पहिलो खेलमा राक्सिराङ गाउँपालिका भेट्रान्सलाई २-० को सोझो सेटले हराउँदै मकवानपुरगढी भेट्रान्स सेमिफाइनलमा प्रवेश गरेको छ । राक्सिरलाई २५-२१ र २५-२२ ले हराउँदै मकवानपुरगढी भेट्रान्स सेमिफाइनलमा प्रवेश गरेको हो ।

दोस्रो खेलमा बकैया गाउँपालिका भेट्रान्सलाई २-० को सोझो सेटले हराउँदै नारायणी कलेज सेमिफाइनलमा प्रवेश गरेको छ । बकैयालाई २५-१० र २५-८ ले हराउँदै नारायणी कलेजको भेट्रान्स टिम सेमिफाइनलमा प्रवेश गरेको हो ।

तेस्रो खेलमा थाहा नगरपालिका भेट्रान्सलाई २-१ को सेटले हराउँदै भीमफेदी गाउँपालिका भेट्रान्स सेमिफाइनलमा प्रवेश गरेको छ । पहिलो सेटमा २५-२३ ले थाहा नगरलाई पराजित गरेको भीमफेदी दोस्रो सेटमा २२-२५ ले थाहा नगरसँग पराजित हुनुपरेको थियो । तर तेस्रो सेटमा भने सेमिफाइनलमा प्रवेश गर्ने होडमा थाहा नगरलाई १५-७ ले हराएको हो ।

यस्तै, चौथो तथा अन्तिम खेलमा आयोजक छहारी सेवा समाजलाई २-० को सोझो सेटले हराउँदै हेटौंडा-१९ सेमिफाइनलमा प्रवेश गरेको छ । हेटौंडा-१९ ले छहारीलाई दुबै सेटमा २५-२३ ले पराजित गरेको हो । खेलको प्लेयर अफ द डे भीमफेदीका रञ्जन अमात्य घोषित भएका छन् । उनलाई नारायणी कलेजका प्राचार्य रघुनाथ खरालले ट्रफी हस्तान्तरण गर्नुभएको हो ।

प्रतियोगिताअन्तर्गत शनिबार सेमिफाइन र फाइनल चरणको खेल हुने रेफ्री संयोजक मनोज लामाले बताउनुभएको छ । पहिलो सेमिफाइनल खेलमा मकवानपुरगढी र नारायणी कलेजबीच प्रतिस्पर्धा हुने संयोजक लामाले बताउनुभयो ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजना, छहारी सेवा समाजको सहआयोजना तथा नारायणी कलेजको मुख्य प्रायोजनमा सञ्चालन भएको प्रतियोगितामा ११ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेताले ३० हजार रुपैयाँ र उपविजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# ३० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले स्नातक तह प्रथम र द्वितीय वर्षमा अध्ययनरत सबै संकायका ३० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ । शुक्रबार क्याम्पसले आन्तरिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको मकवानपुर बहुमुखी क्याम्पसका सहायक प्रमुख संगम चौलागाईले जानकारी दिनुभयो ।

विद्यार्थीलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति दिइएको उहाँले बताउनुभयो । आन्तरिक त्रैमासिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः ३ महिना, २ महिना र १ महिनाको शूल्कमा छुट गरिएको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख समेत रहनुभएका मकवानपुर बहुमुखी क्याम्पसको छात्रवृत्ति समितिका संयोजक ललित बहादुर घलानको सभाध्यक्षतामा छात्रवृत्ति वितरण कार्यक्रम भएको हो । कार्यक्रममा क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालको पनि उपस्थिति रहेको थियो ।

# वृद्धा मृत फेला

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका-३, झार्लाङदिटारमा एक जना वृद्धा मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ७८ वर्षीया दुमन्ति मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बिहीबार बिहान ७ बजेको समयमा मगर आफ्नै घरको दोस्रो तलामा मृत अवस्थामा फेला परेकी थिइन् । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको छ ।

# गिरी बने ब्रह्मदिक् डान्सिङ स्टार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीले आयोजना गरेको ब्रह्मदिक् डान्सिङ स्टार सिजन ३ को उपाधि अदित गिरीले जित्नुभएको छ । बिहीबार भएको ग्राण्ड फिनालेमा गिरी प्रथम हुनु भएको हो । प्रतियोगितामा सायरा राना मगर द्वितीय र दिसेन लामा तृतीय हुनुभएको छ भने बेष्ट पब्लिक भ्यूअर्सको उपाधि काव्या खड्काले प्राप्त गर्नुभएको छ ।

पहिलो संस्करण र दोश्रो संस्करणको सफलता पश्चात विद्यार्थीको नृत्य प्रतिको अभिरुचीलाई प्रोत्साहन गर्नका निमित कार्यक्रम आयोजना गरिएको विद्यालयले जनाएको छ । अडिसन राउन्डमा एक सय ३० जना विद्यार्थी सहभागी भएका थिए । अडिसनमा सहभागी मध्ये २५ जना विद्यार्थीले ग्राण्ड फिनालेमा प्रस्तुती दिएका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामबाबु सापकोटाको सभाध्यक्षता तथा प्रजातान्त्रिक टोल विकास संस्थाकी अध्यक्ष श्वेता कोइरालाको प्रमुख आतिथ्यमा ग्राण्ड फिनाले कार्यक्रम भएको हो ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
} TU Affiliate



BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ